# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत २२ गते २०५८साल (अतिरिक्ताङ्क ७६

## भाग ३

### श्री ५ को सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम २२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-५ (ख) को क्र.सं. ५ को सट्टा देहायको क्र.सं. ५ राखी हेरफेर गरेको छ :–

"५. अन्य सञ्चार माध्यम अन्तर्गत निम्न प्रणालीद्वारा कार्यक्रम प्रशारण गर्नको लागि-

(१) मल्टीच्यानल माइक्रोवेभ डिष्ट्रिब्युसन सिष्टम (एम.एम.डी.एस.) बाट हुने प्रसारणको लागि प्रति च्यानल प्रति वर्ष रु. २,५००।–

(२) भेरी हाई फ्रिक्वेन्सी (भि.एच.एफ.) र अल्ट्रा हाई फ्रिक्वेन्सी (यू.एच.एफ.) प्रयोग गर्ने ट्रान्समिटर प्रणालीबाट गरिने सतहगत टेलिभिजन प्रसारण केन्द्रको लागि प्रति वर्षः–

(क) पाँचसयवाट क्षमतासम्मको लागि रु. ३,५०,०००।–

(ख) पाँचसयवाटदेखि एक किलोवाटसम्मको लागि रु. ६,२५,०००।–

(ग) एक किलोवाटदेखि तीन किलोवाटसम्मको लागि रु. ७ ७५,०००।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १५२३

(घ) तीन किलोवाटदेखि पाँच किलोवाटसम्मको लागि रु. ९,५०,०००।–

(ङ) पाँच किलोवाटदेखि दश किलोवाटसम्मको लागि रु.१२,००,०००।–

(३) उपखण्ड (१) र (२) मा उल्लेख बाहेक अन्य प्रणालीको हकमा प्रति वर्ष रु. १,००,०००।–

द्रष्टव्यः– प्रसारण केन्द्रमा रहने स्ट्याण्ड बाई ट्रान्समिटरको दस्तुर लाग्ने छैन।"

आज्ञाले,
प्रभाकर अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२४०